का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ साउन २०८२,
बुधबार
30 July, 2025
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १७८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# समाजवादी मोर्चामा दरार

मोर्चाका संयोजकसमेत रहेका नेत्र विक्रमचन्द 'विप्लव'बाट बैठकमा विघटनको प्रस्ताव आउनुले उनीहरूबीच दरार उत्पन्न भएको देखिन्छ



समाजवादी मोर्चामा गर्न नसकेका कुरा केलाउनेभन्दा पनि समीक्षा गर्दै मोर्चालाई अझ व्यवस्थित बनाउने र समाजवादसम्मको यात्रामा जान सकिने विषयमा बढी केन्द्रित भएका छौं

■ **वामदेव गौतम**
**वरिष्ठ नेता, नेकपा एस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

कम्युनिष्ट तथा वामपन्थीदलबीच सहकार्य हुँदै पार्टी एकतासम्मको योजनासहित बनाइएको समाजवादी मोर्चामा दरार उत्पन्न भएको छ । मोर्चा गठनको उद्देश्य छाडेर पार्टीका नेताहरू मौसमी गतिविधिमा लागेपछि आपसी अविश्वास बढ्दै गएको हो ।

मोर्चाको सुरुवाती चरणमा सहभागी समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव यसअघि नै मोर्चाबाट बाहिरिएका थिए । संविधानको रक्षा, कार्यान्वयन, संशोधन र विकाससँगै शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिँदै समाजवादको दिशामा अघि बढ्ने उद्देश्यका साथ बनाइएको मोर्चालाई खासगरी मोर्चाको सबैभन्दा ठुलो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूअनुकूल चलाउँदै आएका छन् । »» पृष्ठ २ मा




# अन्योलमा बागमती सरकार



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

बागमती प्रदेश नेपाली कांग्रेसको संसदीय दलमा देखिएको आन्तरिक लडाइँले प्रदेश सरकार अन्योलमा परेको छ । नेपाली कांग्रेसको संसदीय दलमा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले विश्वासको मत गुमाएसँगै प्रदेश सरकारमा अन्योलता छाएको हो ।

विश्वासको मतको पक्ष-विपक्षमा मतदान हुँदा लामाको पक्षमा १५ मत र विपक्षमा २२ मत खसेपछि लामा दलको नेताबाट हटे पनि मुख्यमन्त्री नछाड्ने गरी तयारीमा जुटेका छन् । संसदीय दलको नेता हुँदै बागमती प्रदेशको मुख्यमन्त्री हुने लाइनमा रहेका नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्र बानियाँको पक्षमा २३ सांसदहरूले साथ दिने पक्का भएको छ । तर मुख्यमन्त्री लामाले पद नछोड्ने अडान राखेका छन् । पार्टी विधानअनुसार सरकारको नेतृत्व गर्ने हैसियत लामाले गुमाएका छन् । यद्यपि उनले मुख्यमन्त्री पद नछाड्ने अडान छोडेका छैनन् । संसदीय दलको नेताबाट हट्दैमा मुख्यमन्त्रीबाट राजीनामा दिनुपर्ने कारण नरहेको लामाले जिकिर गरे ।

लामा यसअघि २१ सांसदको हस्ताक्षरमा दलको नेता र मुख्यमन्त्री बनेका थिए । बागमती सरकारका मुख्यमन्त्री, मन्त्री र कांग्रेसका सांसदबीच पछिल्लो समय असन्तुष्टि चुलिएको थियो ।

त्यसै अनुरूप लामाको विपक्षमा यसअघि २१ सांसदको हस्ताक्षरसहित बानियाँले संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । अविश्वास प्रस्तावमा हस्ताक्षर रहेका कांग्रेसका प्रदेश सांसदहरू मीना पराजुली र माया श्रेष्ठले आफूहरूको असहमतिका बीच हस्ताक्षर गराइएको भन्दै लामाकै पक्षमा विज्ञप्ति निकाले पनि अन्ततः उनीहरूले पनि बाँनियाका पक्षमा मतदान गरेका छन् । कांग्रेस प्रदेश संसदीय दलको विधानमा 'पार्टीले »» पृष्ठ २ मा

# राजाकालीन कानुन बदल्दै सरकार

पुराना ऐन खारेज गरेर नयाँ बनाउने कानुनका विषयहरूको प्राथमिकीकरण गरिएको छ । पहिलो चरणमा ४२ वटा विधेयक, दोस्रो चरणमा ४१ र तेस्रो चरणमा ३८ वटा विधेयक संसद्मा दर्ता गर्ने तयारी सरकारको छ ।

■ नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१० संशोधन हुँदै ■ प्रहरी ऐन २०१२ खारेज गरिँदै ■ कर्मचारी सञ्चय कोष ऐन २०१९ बदलिँदै ■ नेपाल खानेपानी ऐन २०४६ संशोधन हुँदै

२०१० सालदेखिका ऐन विद्यमान छन् । राजा र पञ्चायत कालमा बनेका ऐन प्रचलनमा छन् । जसलाई समयाअनुकुल बदल्नेतिर सरकार केन्द्रित छ ।



■ **अजयकुमार चौरसिया**
**मन्त्री, कानुन न्याय तथा संसदीय मामिला**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

सरकारले समयाअनुकूल कानुन संशोधनको कार्यलाई प्राथमिकता दिने भएको छ । यस निम्ति कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले के कस्ता कानुन संशोधन गर्ने र के कस्ता विषयमा नयाँ कानुन बनाउने भनेर प्राथमिकीकरण नै गरेको छ ।

कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालका अनुसार चालू आर्थिक वर्षमा १ सय २१ वटा नयाँ कानुन बनाउने सरकारको लक्ष्य छ । यसका निम्ति सम्बन्धित मन्त्रालयलाई पत्राचारसमेत गरिएको छ ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया २०१०/११ सालमा बनेका ऐनसमेत कार्यान्वयनमा रहेको बताउँछन् । कानुनमन्त्री चौरसिया भन्छन्, '२०१०/११ सालदेखिका केही ऐन कार्यान्वयनमा छन् । पञ्चायत कालमा बनेका ऐन पनि विद्यमान छन् । जसलाई हामी समयाअनुकूल परिमार्जन गर्नेतिर केन्द्रित छौं ।'

राजाकालीन कानुन बदल्ने नीतिअनुसार सरकारले प्रहरी ऐन २०१२ खारेज गर्नेगरी नेपाल प्रहरी विधेयक ल्याएको छ । गृहमन्त्री रमेश लेखकले १५ वैशाख २०८१ मा प्रतिनिधि सभामा दर्ता गरेको यो विधेयक हाल दफावार छलफलमा छ । प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकमाथि दफावार छलफल चलाइरहेको छ ।

सरकारले नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१० लाई पनि बदल्न लागेको छ । यस निम्ति कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले विधेयकको मस्यौदा तयार पारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाएको छ । मन्त्रिपरिषदको कार्यालयबाट अगाडि बढेर मन्त्रिपरिषदले स्वीकृत गरेपछि यो विधेयक संसद्मा दर्ताका लागि बाटो खुल्नेछ ।

कर्मचारी सञ्चय कोष ऐन २०१९ लाई पनि बदलिँदै छ । अर्थ मन्त्रालयले यससम्बन्धी विधेयकको मस्यौदा तयार पारेर अगाडि बढाएको छ ।

नेपाल खानेपानी ऐन २०४६ लाई पनि समयाअनुकूल बनाइँदै छ । खानेपानी मन्त्रालयले यसको मस्यौदा तयार पारेको छ ।

यिनै पुराना ऐन समयाअनकूल बनाउनेगरी सरकारले कानुन निर्माणलाई अगाडि बढाएको छ । कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव अर्यालका अनुसार पुराना ऐन खारेज गरेर नयाँ कानुन के कस्ता विषयमा बनाउने भनेर प्राथमिकीकरणसमेत गरिएको छ । पहिलो चरणमा ४२ वटा विधेयक, दोस्रो चरणमा ४१ वटा विधेयक र तेस्रो चरणमा »» पृष्ठ २ मा

# मधेशका पूर्वप्रमुखविरुद्ध बलात्कार मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन ।



मधेश प्रदेशका पूर्वप्रमुख राजेश अहिराज भनिने राजेश झामाथि बलात्कार आरोपमा मुद्दा दायर भएको छ । साउन ४ मा पक्राउ परेका उनीमाथि प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा मुद्दा दायर भएको हो ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मंगलबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको जनाएको छ । उनलाई प्रहरीको अध्ययन प्रतिवेदनका आधारमा मुद्दा चलाउनुपर्ने देखिएको सहन्यायाधिवक्ता कार्यालय प्रमुख रामहरि शर्माले जानकारी दिए ।

बलात्कार कसुरमा २५ दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्ने म्याद थप भएको थियो । तर प्रहरीले आवश्यक अनुसन्धान गरेर अहिराजविरुद्धको मुद्दा नौ दिनमै अदालतमा लगेको हो । अन्य सामान्य अभद्र व्यवहारको कसुरमा समेत प्रहरीले २५ दिनसम्म हिरासतमा राखेर अनुसन्धान गरे पनि अहिराजको 'केस'मा छिटो अनुसन्धान भएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

अहिराजले एक युवतीलाई बलात्कार गरेको आरोप छ । २०८१ जेठ ४ मा काठमाडौंको नयाँ बानेश्वरस्थित कोठामा अहिराजले बलात्कार गरेको भन्दै ती युवतीले प्रहरीमा उजुरी दिएकी थिइन् । डेरामा एक्लै बसेका बेला »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कोरियामा ईपीएसमार्फत गएका श्रमिकको दर्दनाक पीडा सार्वजनिक

**मध्यान्ह संवाददाता**
सियोल, १३ साउन ।



दक्षिण कोरियाको दक्षिण जेओला प्रान्तको नाजुमा रहेको इँटा कारखानामा एक जना श्रीलंकाली पुरुषलाई फोर्कलिफ्टमा बाँधेर झुन्ड्याइएको घटना सार्वजनिक भएको छ । उक्त घटनासँगै रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत कोरिया जाने विदेशी कामदारले भोग्नुपरेको दर्दनाक अवस्था सार्वजनिक भएको भन्दै आन्तरिकरूपमा आक्रोश जगाएको कोरियाली सञ्चारमाध्यम दि कोरिया टाइम्सले उल्लेख गरेको छ ।

सो घटनाले कोरिया सरकारलाई रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत आएका विदेशी कामदारको अधिकार सुनिश्चित गर्न श्रम नीति नै पुनरावलोकन गर्न दबाब दिएको कोरियाली श्रम क्षेत्रका विज्ञहरूले बताएका छन् ।

रोजगारदाता परिवर्तन गर्न चाहने ती श्रीलंकाका मजदुरलाई कठोर यातना दिइएको थियो । दुर्व्यवहारको भिडियो भाइरल भएपछि राष्ट्रपति ली जे-म्युङले कमजोर कामदारहरूविरुद्ध गरिएको बर्बर मानव अधिकार उल्लंघनलाई कडा दण्ड दिने वाचा गरेका छन् ।

विज्ञहरूले सो घटनाले रोजगार अनुमति प्रणालीको गहिरो कमजोरीलाई उजागर गरेको बताएका छन् । ३१ वर्षीय ती श्रीलंकाका कामदारले डिसेम्बर महिनामा रोजगारीका लागि भर्ना भएपछि महिनौंसम्म मालिकको मौखिक दुर्व्यवहार सहनुपरेको बताइएको छ । स्वदेश फर्किएपछि घर किन्न र आफ्नी प्रेमिकासँग विवाह गर्न पैसा बचत गर्ने आशामा अपमानका बाबजुद मौन बसेको, तर भावनात्मक पीडा सहन नसक्दा अन्ततः अधिकारवादी समूहसँग मद्दत माग्नुपरेको ती कामदारले बताएको कोरियाली सञ्चारमाध्यमले उल्लेख गरेका छन् । अधिकारकर्मीहरूले कोरियाको हालको ईपीएस संरचनाले आधुनिक समयको दासता जस्तै »» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Recruitment company in Lalitpur is seeking for following applicant.
Public Relation Officer (PRO) - 2 (Male/Female)
Salary Negotiable
Requirements:-
★ Minimum 3 Years Experienced in Related Fields.
Send Your CV at info@agurkha.com
Call Us at +977- 9851334022, 9849450264
APPLIED GORKHA SOLUTIONS PVT. LTD. Lic No. 1739/081/082
P.O. Box 8975 EPC 2568 (Behind Namaste Petrol Pump) Ring Road, Gwarko 07, Lalitpur, Nepal
Tel No: +977-1-5201810, 5201811, Web: www.agurkha.com

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency in Kathmandu is seeking for the following position urgently.
◆Public Relation Officer (PRO) - 5 (Male/ Female)
Requirement - More than 5 years of Experience in Manpower Field.
Attractive Salary
9823486681
9819779867
hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy Services (P.) Ltd.
Chakrapath, Kathmandu, Nepal.
Phone No: 01-4378842, 4378936.
श्रम इजाजत नं. १४६९/०७४/०७५

कर्मचारी आवश्यकता
यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
HR Officer - 2 (Male/Female)
★ Experienced in Hospitality, Facilities Management & Construction.
Document Controller - 2 (Male/Female)
★ Experienced in Computer Skills.
★ 3 years work experienced in related fields.
★ Good speak English Should be studies English medium School
Public Relation Officer - 2 (Male/Female)
★ Experienced in Hospitality, Facilities Management & Construction.
Drop your CV at Poc@lifelineoverseas.com
LifeLine Overseas Pvt. Ltd.
लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१

मध्यान्ह
www.madhyanhadaily.com
१४ साउन २०८२ बुधबार
30 July 2025, Wednesday

# सरकारले स्वीकृति नदिँदा स्वास्थ्य क्षेत्रमा जनशक्ति थप्ने योजना अलपत्र



**काठमाडौं/मस–** स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सरकारले स्वीकृति नदिँदा स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्ति थप्ने योजना अलपत्र परेको बताएका छन्।

मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा मन्त्री पौडेलले आफू मन्त्री बनेपछि तीन पटक जनशक्ति थप्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगे पनि कुनैपनि प्रस्ताव स्वीकृत नभएको गुनासो गरे।

उनका अनुसार हाल संघीय अस्पतालहरूमा जम्मा २,६०० जना मात्र स्वास्थ्यकर्मी कार्यरत छन्। उपत्यकाबाहिरका अस्पतालहरूमा त आवश्यक जनशक्तिको एक तिहाई मात्र पुगेको अवस्था रहेको मन्त्री पौडेलले बताए।

स्वास्थ्य मन्त्रालयमा २०४८ सालपछि कुनैपनि दरबन्दीसम्बन्धी ओएनएम (अर्गनाइजेसन एन्ड म्यानेजमेन्ट) प्रक्रिया अगाडि नबढेको बताउँदै उनले हालै गरिएको ओएनएम सर्वेक्षणमा देशभर करिब ९० हजार जनशक्ति आवश्यक देखिएको उल्लेख गरे।

त्यसअनुसार, ६० हजार स्थानीय तहका अस्पतालका लागि, १५ हजार संघीय र १५ हजार प्रदेश अस्पतालका लागि आवश्यक दरबन्दी प्रक्षेपण गरिएको थियो।

स्वास्थ्य मन्त्रालयले चालु आर्थिक वर्षमा ३० हजार जनशक्ति थप्ने लक्ष्यसहित ओएनएम प्रस्ताव मन्त्रिपरिषदमा पठाएको भए पनि हालसम्म स्वीकृति नपाएको उनले जानकारी दिए।

मन्त्री पौडेलले डडेलधुरा जस्ता दुर्गम स्थानमा दरबन्दी भए पनि स्वास्थ्यकर्मीहरू जान नचाहने, पठाउँदा पनि आदेश नमानेर काठमाडौंमै बस्ने प्रवृत्तिले जनशक्ति व्यवस्थापनमा थप समस्या उत्पन्न भएको बताए।

'डडेलधुराको ११ जनाको दरबन्दीमा स्थायी रूपमा मात्र एक जना छन्। उपत्यकाभित्र ७०-७५ प्रतिशत जनशक्ति भए पनि बाहिर ३३ प्रतिशत पनि छैन,' उनले भने।

त्यस्तै, उनले स्वास्थ्य संस्थाहरूमा पर्याप्त जनशक्ति भएमा प्राकृतिक प्रकोप वा आपत्कालिन परिस्थितिमा तुरुन्त सेवा दिन सकिने स्पष्ट पारे।

पौडेलले अन्य मन्त्रालय जस्तै गृह तथा रक्षा मन्त्रालयजस्तै स्वास्थ्य मन्त्रालयमा पनि कडिकडाउ र कार्यान्वयनको संयन्त्र बलियो हुनुपर्नेमा जोड दिए।

उनले सरुवा आदेश नमान्ने र 'नम्स' (राष्ट्रिय मानव संसाधन व्यवस्थापन प्रणाली) नै लागू नहुने अवस्थालाई तत्काल सुधार गर्नुपर्ने आवश्यकता औंल्याए। मन्त्री पौडेलले स्वास्थ्य क्षेत्रमा लगानी र संरचना सुधार नगर्दासम्म देशभरका अस्पतालहरू पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिने बताएका छन्।

# हदबन्दी मिचेर राखिएका जग्गा सरकारको स्वामित्वमा ल्याउँछौं : मन्त्री अधिकारी



**काठमाडौं/मस–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले विगतमा गठन गरिएका भूमि आयोगहरूले अपेक्षित अधिकार नपाउँदा काम प्रभावकारी हुन नसकेको स्पष्ट पारेका छन्।

प्रतिनिधि सभाअन्तर्गत कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा भूमिसम्बन्धी विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै मन्त्री अधिकारीले सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कुरामा भएको कानुनी अड्चन फुकाउन ऐन संशोधन गर्न लागिएको बताए।

भूमिहिनहरुको वर्गीकरणको अधिकार स्थानीय सरकारलाई भएको उल्लेख गर्दै पालिकाले गर्ने वर्गीकरणका आधामा जग्गा उपलब्ध गराउने विषयमा सरकार स्पष्ट रहेको मन्त्री अधिकारीको भनाइ छ।

कुनै पालिकाले भूमिहिनहरुको वर्गीकरण गरेर नपठाएको अवस्थामा त्यस्तो पालिकामा काम गर्न नसकिने उनको भनाइ छ। उनले हदबन्दीभन्दा बढी जग्गा भएका कम्पनीहरुको नाममा रहेको जग्गा स्वतः सरकारको नाममा आउने स्पष्ट पारे। हदबन्दीभन्दा बढी जग्गा कुनैपनि हालतमा बिक्री गर्न नपाइने स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने उनको भनाइ छ।

ऐन कार्यान्वयन भएपछि भूमि समस्या समाधान आयोगले आफ्नो काम सुरु गर्ने र यही आयोगलाई अन्तिम आयोगको रूपमा स्थापना गर्ने सरकारको योजना रहेको मन्त्री अधिकारीको भनाइ छ। समितिले विधेयकमाथि संशोधनकर्ता सांसदहरुसँग छलफल सकाएको छ। बुधबारदेखि विधेयकमाथि दफावार छलफल हुने उनको भनाइ छ।

# मिडिया काउन्सिल विधेयक पुनर्लेखन गर्न सरोकारवालाको माग



**काठमाडौं/मस–** प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा मिडिया काउन्सिलसम्बन्धी विधेयकमाथिको छलफलमा सहभागी सरोकारवालाहरूले विधेयकलाई पुनःलेखन गर्नुपर्ने माग गरेका छन्।

विधेयकमा स्पष्टता, स्वतन्त्रता र उत्तरदायित्वको खाका नदेखिएको भन्दै उनीहरूले संशोधन होइन, पुनःलेखन नै आवश्यक रहेको तर्क गरेका छन्।

गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णु सुवेदीले मिडियालाई नियन्त्रण होइन, मर्यादित र समाजप्रति उत्तरदायी बनाउने सोचबाट विधेयक निर्देशित हुनुपर्ने धारणा राखे। उनले प्रेस काउन्सिल नेपाललाई सरकारले विगतमा नियन्त्रणका हतियारका रूपमा प्रयोग गरेको आरोपसमेत लगाए।

न्यूज एजेन्सी नेपालका प्रबन्ध निर्देशक सविन धमलाले विधेयकमा मिडिया काउन्सिलको प्रशासनिक, आर्थिक र संरचनात्मक स्वायत्तता स्पष्ट नभएको भन्दै पुनःलेखनको माग गरे। उनले काउन्सिललाई नियमन र अनुगमनका साथै शैक्षिक तथा बौद्धिक गतिविधि गर्न सक्ने अधिकारसमेत दिनुपर्नेमा जोड दिए।

हिमालय टेलिभिजनका सम्पादक राजेन्द्र बानियाँले प्रेस परिचयपत्रको दुरुपयोगबारे चासो व्यक्त गर्दै, काउन्सिललाई राजनीतिक संयन्त्र बनाउने प्रयासप्रति आपत्ति जनाए। उनले समाचार लेखेकै भरमा पत्रकार वा सञ्चारमाध्यमलाई कारबाही गर्न सकिने प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताए।

बानियाँले कारबाही प्रक्रिया निष्पक्ष र परिस्कृत बनाउन आवश्यक रहेको भन्दै वर्तमान विधेयकले स्वतन्त्र पत्रकारिता कमजोर बनाउने संकेत दिएको उल्लेख गरे। छलफलमा सहभागी अधिकांश सरोकारवालाहरूले मिडिया काउन्सिललाई सरकार मातहत नभई पूर्णतः स्वतन्त्र, जवाफदेही र मर्यादित निकायका रूपमा विकास गर्नुपर्नेमा जोड दिए।

उनीहरूका अनुसार विधेयकको वर्तमान प्रारूपले मिडियाको स्वतन्त्रता र जनताको सूचनाको अधिकारमा प्रतिकूल असर पार्न सक्ने खतरा रहेको छ। त्यसैले विधेयक पुनःलेखन गरी पर्याप्त बहसपछि मात्र अघि बढाउन सुझाव दिइएको छ।

**समाजवादी...**

यसै विषयमा मार्चाका नेताबीच आन्तरिक द्वन्द्व चुलिँदै गएको नेताहरूले स्वीकार गरेका छन्।

मोर्चाको मंगलबार बसेको बैठकले उद्देश्यअनुरूप काम गर्न नसकेको निष्कर्ष निकालेको छ। बैठकमा मोर्चाका संयोजक नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले मोर्चाले उद्देश्यअनुसार काम गर्न नसकेको भन्दै यसको औचित्यमाथि नै प्रश्न उठाएका छन्। उनले काम गर्न नसक्ने अवस्थामा मोर्चा विघटन गर्दा हुने सुझाव अघि सारेका हुन्।

मंगलबार नेकपा एकीकृत समाजवादीको कार्यालय आलोकनगरमा बसेको समाजवादी मोर्चाको बैठकमा संयोजकसमेत रहेका विप्लवले विघटनको बाटो रोज्नुले मोर्चामा समस्या थपिएको छलफलमा सहभागी एक नेताले बताए। विप्लवको यस्तो प्रस्ताव आए पनि अन्य नेताहरूले मोर्चालाई व्यवस्थित गर्दै उद्देश्य प्राप्तिमा लाग्नुपर्ने विषयमा बढी छलफल भएको नेकपा एसका वरिष्ठ नेता वामदेव गौतमले बताए। यसअघि मोर्चा बैठकमा सम्मानित नेता झलनाथ खनाल सहभागी हुँदै आएका थिए। मंगलबारको बैठकमा भने वामदेव गौतम बैठकमा सहभागी भएका थिए। 'बैठकमा समस्याहरू पनि उठे,' गौतमले मध्यान्हसँग भने, 'गर्न नसकेका कुरा केलाउने भन्दा पनि समीक्षा गर्दै मोर्चालाई अझ व्यवस्थित बनाउने र समाजवादसम्मको यात्रामा जान सकिने विषयमा बढी केन्द्रित भयौं।'

विप्लवले भनेजस्तो तत्काल मोर्चा विघटन गर्दा राम्रो सन्देश नजाने माओवादी केन्द्र र एकीकृत समाजवादीका नेताहरूले विचार राखेको उनको भनाइ छ। विप्लवको प्रस्ताव अहिले नै कार्यान्वयन गर्नु उपयुक्त नहुने नेताहरूको निष्कर्ष छ।

'विप्लवजीले मोर्चामा समय दिने कुरामा पनि नेताहरूमा समस्या देखियो र हामीले भने जसरी गतिविधि गर्ने कुरामा पनि समस्या नै भयो,' बैठकमा विप्लवको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'मोर्चा अहिले स्थगित गरौं।' तर, अरू नेताहरूले विप्लवको प्रस्ताव अस्वीकार गरे। तीन/तीन महिनामा संयोजक परिवर्तन गर्ने सहमतिसमेत नेताहरूले कार्यान्वयन गरेका छैनन्। बैठकले विप्लवलाई नै मोर्चाको संयोजक दोहोऱ्याएको छ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का प्रवक्ता खड्गबहादुर विश्वकर्माले मोर्चाका सबल पक्ष र दुर्बल पक्षको समीक्षा भएको भन्दै यसलाई प्रभावकारी बनाउन अझ सुदृढ गरेर अघि बढ्नुपर्ने निष्कर्ष निकालेको बताए। यसबीचमा भए गरेका काममा मोर्चा सफल रहेको उनको धारणा छ। 'जुन ढंगले गति लिनुपर्थ्यो, जनता र मोर्चामा सहभागी पार्टीका नेता कार्यकर्ता र इमानदार नेता कार्यकर्ताको अपेक्षालाई सशक्त काममा केही सीमा रहे,' विश्वकर्माले भने, 'जसकारण पछिल्ला दिनमा अलिकति प्रश्न उठेका छन्। अब निर्ममतापूर्वक सच्याउनेतिर लानुपर्नेमा हामी पुगेका छौं।' मोर्चाको कामको समीक्षा गर्दै आगामी दिनमा थप सशक्त बनाउन विचार मिल्नेहरूलाई मोर्चामा आबद्ध गराउने निर्णय भएको नेताहरूले बताएका छन्।

आफैं प्रधानमन्त्री हुँदा २०८० असार ४ मा सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसलाई 'साइज'मा राख्न योजनाका साथ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले चार दलीय मोर्चा गठन गरेका थिए। सरकार टिकाउने अस्त्रका रूपमा हेरिएको मोर्चा प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकार रहन्जेल निष्क्रिय थियो। गत वर्ष असार १७ मा संसद्का दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सत्ता समीकरण बनेसँगै मोर्चालाई सशक्त बनाउने प्रयास भए पनि मोर्चाले खासै गतिविधि गर्न सकेको छैन। मोर्चालाई माओवादीसहितका केही कम्युनिस्ट पार्टीले आफू प्रतिकूलका घटनामा प्रयोग गर्नेबाहेक उद्देश्यअनुसार अघि बढ्न नसकेको मोर्चामा सहभागी दलका नेताहरूले नै टिप्पणी गर्दै आएका छन्।

संघीय संसद्मा रहेका तीन दल माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) र संसद् बाहिर रहेको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मिलेर बनेको मोर्चाबाट उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल भने बाहिरिएको छ।

नेकपा एमालेसँगको सत्ता सहयात्रमा अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा ओली र प्रचण्डले यादव विदेश गएको मौका छोपेर जसपा फुटाएर अशोक राईलाई सरकारमा लगेर उपयोग गरेको प्रचण्डमाथि उपेन्द्र यादवको आरोप छ। प्रतिनिधिसभामा माओवादी केन्द्रको ३२, जसपाको १२ र एकीकृत समाजवादीको १० सिटसहित मोर्चामा ५४ सांसद थिए। पछि जसपा नेपाल फुटेर यादव मोर्चामा नरहेपछि अहिले मोर्चामा ४९ सांसद छन्।

**अन्योलमा...**

प्रदेश सरकार गठन गरेको अवस्थामा नेताका हैसियतमा नेतृत्व प्रदान गर्ने' उल्लेख छ।

तर लामाले त्यसलाई अस्वीकार गर्दै आफ्नो पक्षमा सदनमा बहुमत पुग्ने दाबी गर्दै आएको उनी निकटका सांसदहरू बताउँछन्।

संसदीय दलमा मंगलबार विश्वासको मत नपाएका मुख्यमन्त्री लामाले सरकार एउटा विषय र संसदीय दलको नेता अर्को विषय भएको बताएका छन्। 'मुख्यमन्त्री हुन दलको नेता चाहिँदैन, मलाई मुख्यमन्त्री पदबाट हटाउनुपर्ने कुनै आधार नै छैन,' उनले भने।

सांसदहरूको बहुमतले दलको नेता हटाइए पनि पद नछाड्ने लामाको अडानले अर्को मुख्यमन्त्री चयनका लागि समस्या उत्पन्न भएको छ। यस घटनाले कांग्रेसभित्र थप असहज परिस्थिति निम्तिएको नेताहरूले बताएका छन्। कांग्रेस सांसदले अर्को व्यक्तिलाई संसदीय दलको नेता चुनेको अवस्थामा समेत नयाँ मुख्यमन्त्री तत्कालै बनाउने सम्भावना कम छ। लामा संविधानको धारा १६८ (१) अनुसार एउटा दलको बहुमत नपुगेर सरकार नबनेपछि १६८ (२) अनुसार मुख्यमन्त्री बनेका थिए। कांग्रेसका ३७ र एमालेका २७ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका लामाको विपक्षमा कांग्रेसका २३ सांसद उभिएका छन्।

**राजाकालीन...**

३८ वटा विधेयक संघीय संसद्मा दर्ता गर्नेगरी प्राथमिकीकरण गरिएको छ।

प्राथमिकताअनुसार विधेयक निर्माणलाई अगाडि बढाउन सम्बन्धित मन्त्रालयलाई झकझक्याउने पनि कानुन मन्त्रालयको प्रतिबद्धता छ।

**मधेशका...**

चिनजानका अहिराजले बलात्कार गरेको पीडितको भनाइ छ।

उनीविरुद्ध मुलुकी फौजदारी अपराध संहिता २०७४ को दफा २१९ मा उल्लेख बलात्कार गर्न नहुने कसुरमा अनुसन्धान गरिएको थियो। दफा २१९ को उपदफा २ को कसुर गरेको भन्दै खण्ड (ङ) बमोजिम सजाय मागदाबी गरिएको छ। (ङ) अनुसार १८ वर्ष वा सोभन्दा माथिको उमेरकी महिलालाई बलात्कार गरेमा सात वर्षदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

कोठामा एक्लै बसेका बेला 'जरुरी कुरा गर्नु छ, तपाईंको परिवारबाट सन्देश ल्याएको छु,' भन्दै अहिराज ती युवतीको कोठामा गएको अनुसन्धान क्रममा खुलेको प्रहरी स्रोतको दाबी छ। 'के सन्देश ल्याएको फोनमा नै भनेको भए हुन्थ्यो। म एक्लै भएको ठाउँमा किन आउनुभएको भनी मैंले भनिरहँदा, उहाँले तिमी किन डराएको तिम्रो घरपरिवारसँग चिनजान भएको हुनाले निर्धक्क भएर बस भन्नुभयो,' पीडित युवतीको बयान उद्धृत गर्दै प्रहरीले जनाएको छ। बलात्कारपछि कुरा बाहिर ल्याएर उल्टै मधेशी समुदायले बहिष्कार गर्ने धम्की दिएको समेत ती युवतीले प्रहरीसमक्ष बयान दिएकी थिइन्।

**कोरियामा...**

असन्तुलन सिर्जना गरेको टिप्पणी गरिरहेका छन्। ईपीएस प्रणालीमार्फत कोरियामा प्रवेश गर्ने विदेशी कामदारहरू सामान्यतया ३ वर्षका लागि एकल रोजगारदातासँग बाँधिएका हुन्छन्। जसका कारण उनीहरूले प्रायः रोजगारदाताको सहमतिमा मात्र जागिर परिवर्तन गर्न सक्छन्। रोजगारदातामाथिको यो निर्भरताले शोषणको ढोका बलियो बनाएको अधिकारकर्मीहरू बताउँछन्।

'केही रोजगारदाताहरूले काम स्थानान्तरण स्वीकृत गर्न कहिलेकाहीँ लाखौं वोन घुस माग गर्छन्। यौन दुर्व्यवहार, ज्याला चोरी वा औद्योगिक दुर्घटनाका घटनाहरू पनि देखिएका छन्। तर विदेशी कामदारले त्यस्ता दाबीहरू जटिल प्रक्रियाका कारण प्रमाणित गर्न सक्दैनन्,' कोरियाली सञ्चारमाध्यममा प्रकाशित समाचारमा उल्लेख छ।

कुनै कामदारले कार्यस्थल छोडेको ३ महिनाभित्र नयाँ जागिर फेला पार्न असफल भएमा तिनीहरू कागजातविहीन हुने जोखिममा पर्छन्।

गैरसरकारी संस्था लयर्स फर अ डेमोक्रेटिक सोसाइटीका श्रम वकिल चोई जेओङ-क्यु भन्छन्, 'प्रक्रियागत झन्झटले धेरैजसो विदेशी कामदार अतिआवश्यक नभएसम्म जागिर परिवर्तन गर्नबाट तर्सिन्छन्।'

यस्तै ग्वाङ्जु-जियोनाम आप्रवासी कामदार मानव अधिकार सञ्जालका प्रमुख सोन साङ-योङ भन्छन्, 'सन् २०२१ को डिसेम्बरमा संवैधानिक अदालतले ईपीएस प्रतिबन्धहरू संवैधानिक भएको फैसला गरेपछि सुधारको गति रोकिएको छ।'

कोरियाली ट्रेड युनियन महासंघअन्तर्गत आप्रवासी ट्रेड युनियनका नेपाली आप्रवासी कामदार उदय राईले कामदारहरूले जागिर परिवर्तन गर्न भने बदला लिने वा उत्पीडनको डरले गर्दा चुपचाप दुर्व्यवहार सहनुपरेको बताए।

कोरिया स्वास्थ्य र सामाजिक मामिला संस्थानको हालैको अध्ययनमा ई-९ भिसामा जाने आप्रवासी कामदारहरूको ३१ दशमलव २ प्रतिशतले कोरियामा भेदभावको अनुभव गरेको बताएका छन्। तिनीहरूमध्ये, ४३ दशमलव १ प्रतिशतले आफूहरूलाई रोजगारदाताको दुर्व्यवहार 'सहन' भनिएको बताए भने ३६ दशमलव ६ प्रतिशतले रोजगारदाताको दुर्व्यवहारको प्रतिक्रियामा 'केही नगरेको' बताए। महिला उत्तरदाताहरूले यौन उत्पीडन वा आक्रमणको गुनासो गरे।

नेपालसहित १५ मुलुकका ४ लाख ६० हजारभन्दा बढी कामदार ईपीएसमार्फत दक्षिण कोरिया गएका छन्। विगतमा नेपाली कामदार पीडा सहन नसकेर हप्तैपिच्छे दुईदेखि तीन जनाले आत्महत्या गरेका घटना सार्वजनिक हुने गरेका थिए। हाल आत्महत्या घटना तुलनात्मक रूपमा घटेको बताइएको छ।

# सुक्खा संकटबीच धनकौल गाउँपालिकाको राहत घोषणा




**सर्लाही/मस–** मधेश प्रदेश सुक्खाग्रस्त क्षेत्र घोषित भएसँगै प्रत्यक्ष असरमा परेका नागरिकलाई राहत दिन सर्लाहीको धनकौल गाउँपालिकाले महत्त्वपूर्ण निर्णयहरू गरेको छ। गाउँपालिका अध्यक्ष रामआश्रय साहको नेतृत्वमा मंगलबार बसेको कार्यपालिका बैठकले पालिकाभित्रका विभिन्न सेवामा शून्य शुल्क नीति लागू गर्ने निर्णय लिएको हो।

आर्थिक वर्ष २०८२/८३ का लागि मालपोत कर, व्यक्तिगत घटना दर्ताको विलम्ब दस्तुर र प्रतिलिपि दस्तुर पूर्ण रूपमा निःशुल्क हुनेछन्। यस निर्णयबाट सुक्खाको असर खेपिरहेका किसान तथा आम नागरिकलाई आर्थिक राहत पुग्ने अपेक्षा गरिएको छ।

साथै, पालिकाले सिँचाइ समस्या समाधान गर्न डिप ट्युबवेल बोरिङ योजनालाई निरन्तरता दिने निर्णय गरेको छ। पानीको अभाव हटाइ कृषकलाई सिँचाइमा सहजता दिने उद्देश्यले यो योजना अघि बढाइएको हो।

अध्यक्ष साहको पहललाई स्थानीयवासीले संकटको बेला लिइएको सकारात्मक कदम भन्दै स्वागत गरेका छन्। उनीहरूका अनुसार यस्तो निर्णय जनताको समस्या बुझेर लिइएको उदाहरणीय कार्य हो।

शून्य शुल्क र सिँचाइ योजना जनमुखी र राहतमुखी भएको भन्दै पालिकाले सबै नागरिकलाई यी सुविधा उपयोग गर्न आग्रह गरेको छ। स्थानीयवासीले अध्यक्ष साहको यो कदमलाई उनको दोस्रो कार्यकालको प्रमुख उपलब्धिका रूपमा लिएका छन्।

# ज्यालादारी कर्मचारी धर्नामा




**जनकपुर/मस–** नेपाल विद्युत् प्राधिकरणका दैनिक ज्यालादारी कर्मचारीहरू आफ्ना मागप्रति बेवास्ता भएको भन्दै चरणवद्ध आन्दोलनमा उत्रिएका छन्।

मंगलबार आन्दोलन अन्तर्गत मधेश प्रदेशका कर्मचारीहरू जनकपुरधामस्थित प्राधिकरणको मुजेलिया कार्यालयमा कालोपट्टी बाँधेर धर्नामा बसेका हुन्। प्राधिकरणको सञ्चालक समितिको बैठकबाट दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई मासिक ज्यालादारीमा रूपान्तरण गर्ने निर्णय गरेको थियो। तर निर्णय भएको लामो समय बितिसक्दा पनि कार्यान्वयन नहुँदा आफूहरू बाध्य भएर आन्दोलनमा उत्रिएको नेपाल विद्युत प्राधिकरण दैनिक ज्यालादारी कर्मचारी मधेश प्रदेश संघर्ष समितिका अध्यक्ष शम्भु मिश्रले बताए।

केन्द्रीय संघर्ष समितिको निर्देशनअनुसार मधेश प्रदेशमा कार्यरत कर्मचारीहरूले धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन्।

# सुदूरपश्चिमका दुई मन्त्री चढेको गाडी एकआपसमा ठोक्कियो



**काठमाडौं/मस–** सुदूरपश्चिम प्रदेशका २ मन्त्री चढेको गाडी लम्कीमा एकआपसमा ठोक्किँदा सवारी साधनमा क्षति पुगेको छ।

मंगलबार दिउँसो कैलालीको चिसापानीमा आयोजित कार्यक्रममा सहभागी हुन जाँदै गर्दा भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पाल र आन्तरिक मामिला तथा कानुनमन्त्री हिरासिंह सार्की सवार गाडी एकआपसमा ठोक्किएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय कैलालीका अनुसार दुर्घटनामा मानवीय क्षति भने भएको छैन।

सार्की चढेको से.१ झ ३३० नम्बरको गाडीले पाल चढेको बा.२ झ १४१९ नम्बरको गाडीलाई पछाडिबाट ठक्कर दिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। ठक्करबाट पाल सवार गाडीको पछाडिको भाग र सार्की चढेको गाडीको अगाडिको भागमा क्षति पुगेको प्रहरीले जनाएको छ।

उनीहरू प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा चिसापानीस्थित कटासे जलविद्युत आयोजना उद्घाटन कार्यक्रममा सहभागी हुन जाँदै थिए।

# ‘सरकारले उद्योगी र व्यवसायीलाई प्रोत्साहित गर्नुपर्छ’




**ललितपुर/मस-** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्योगी एवं व्यवसायीलाई लगानी गर्न प्रोत्साहित गनुपर्नेमा जोड दिएका छन् ।

कांग्रेसको वित्तीय संस्था समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा आज आयोजित वर्तमान अवस्थामा देशको वित्तीय तथा मौद्रिक स्थिति विषयक कार्यक्रममा उनले कांग्रेस र नेकपा एमालेबीच भएको सात बुँदे सहमतिको एउटा महत्त्वपूर्ण उद्देश्य अर्थतन्त्र चलायमान बनाएको बताए ।

उनले भने, ‘विसं २०४८ मा कांग्रेसको सरकार आएपछि निजीकरण र उदारीकरणको नीति ल्याएको हो, त्यसपछि कांग्रेसले धेरै गाली खायो, गिरिजाप्रसाद कोइरालाले धेरै गाली खानुभयो, तर पनि हामी नीति क्षेत्रलाई उद्योग र व्यापार सञ्चालन गर्न सहयोग गर्न तयार छौं, व्यापार व्यापारीले गर्ने हो, उद्योग उद्योगीले गर्ने हो, सरकारले उद्योग व्यापार गर्ने हैन, सरकारले के सहयोग गर्नुपर्छ, त्यो सहयोग गर्न तयार छौं ।’ सभापति देउवाले लामो सशस्त्र द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, कोभिड-१९ को महामारी, रूस-युक्रेनबीच भएको द्वन्द्वले समेत नेपालको अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावका बाबजुद पनि मुलुकको आर्थिक स्थायित्व कायम रहन सक्नुमा २०४८ पछि कांग्रेसको सरकारले बसालेको दरिलो अर्थतन्त्रको जग भएको दाबी गरे । सभापति देउवाले वर्तमान अवस्थामा अर्थतन्त्रका बाह्य सूचकहरू, सरकारको चालु खाता र शोधनान्तर बचत निरन्तर बढ्दै गएको, विदेशी मुद्रा सञ्चितिमा उल्लेखीय सुधार भएको, रेमिट्यान्स उच्च दरमा वृद्धि भएको, मुद्रास्फिति करिब चार प्रतिशतमा सीमित भएको, निजी क्षेत्रमा भएको कर्जा प्रवाह चार दशमलव छ प्रतिशतले वृद्धि भएको र गत वर्षको तुलनामा आयात १३ दशमलव एक प्रतिशत र निर्यात ७७ दशमलव आठ प्रतिशतले वृद्धि भएको जानकारी गराए ।

‘विद्युत् उत्पादन तथा वितरण, वित्तीय तथा बिमा, खानी तथा खनिज पदार्थ उत्खनन क्षेत्रको योगदानको कारण आर्थिक वृद्धि हुने संकेत देखा परे पनि अर्थतन्त्रको वास्तविक क्षेत्र उत्पादन, रोजगारी, उद्योग व्यवसायको अवस्था, लगानी अभिवृद्धि लगायत सूचकहरूमा अपेक्षित सुधार गरी निजी क्षेत्र र आम नागरिकको विश्वास जित्न अझै प्रयत्न गर्नुपर्नेछ,’ सभापति देउवाले भने,‘विकास खर्च शीर्षकमा विनियोजित बजेटको ठूलो हिस्सा खर्च गर्न नसक्ने प्रवृत्तिले निरन्तरता पाइरहेको छ, यसलाई अन्त्य गर्न संरचनागत, संस्थागत, प्रकृयागत सुधार एवं आवश्यक ऐन कानुन र कार्यविधि यथाशीघ्र बनाएर पुँजीगत खर्च समयमै गर्ने परिपाटी बसाल्न आवश्यक छ ।’

सभापति देउवाले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरिएको मौद्रिक नीतिअनुसार ब्याजदर घटेकाले बैंकमा जम्मा भएको ठूलो रकम कर्जा प्रवाहमा विस्तार भइ औद्योगिक व्यवसाय तथा सर्वसाधारण जनतामा केही उत्साह जगाउने विश्वास व्यक्त गरे ।

# भक्तपुर क्यान्सर अस्पतालको कार्यकारी निर्देशकमा डा. चालिसे नियुक्त



**काठमाडौं/मस-** भक्तपुर क्यान्सर अस्पतालको कार्यकारी निर्देशकमा डा.उज्ज्वल चालिसे नियुक्त भएका छन् । गत सोमबारको मन्त्रिपरिषद् बैठकले चालिसेलाई कार्यकारी निर्देशक नियुक्त गरेको हो ।

उनी यसअघि अस्पतालमा आर्थिक तथा प्रशासनिक अधिकारसहित निमित्त निर्देशकको भूमिकामा कार्यरत थिए ।

निमित्त निर्देशकका रूपमा कार्यरत रहँदा डा.चालिसेले अस्पतालको प्रशासनिक व्यवस्थापन, प्रविधिको आधुनिकीकरण, सेवा विस्तार, तथा जनमुखी स्वास्थ्य कार्यक्रमहरूमा उल्लेखनीय पहल गरेका थिए । अस्पतालमा संस्थागत सुशासनलाई सुदृढ बनाउँदै उनले नेतृत्वमा पारदर्शिता र उत्तरदायित्वको संस्कृति विकास गरेका थिए । डा.चालिसेको नेतृत्वमा भक्तपुर क्यान्सर अस्पतालले हालै एण्डोस्कोपी, सिस्टोस्कोपी, न्यूरो माइक्रोस्कोप र सी-आर्म जस्ता अत्याधुनिक सेवा सुरु गरेको छ । पेट, मुत्रथैली तथा मस्तिष्क ट्युमरका जटिल अवस्थाको निदान तथा उपचारमा यी सेवाले प्रभावकारी सहयोग गर्ने विश्वास लिइएको छ ।

# डोल्पाको ठुली भेरी नदीको टापुमा फसेका चार जनाको सकुशल उद्धार

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १३ साउन



हिमाली जिल्ला डोल्पाको ठुली भेरी नगरपालिका-३, धुपिचौरस्थित ठुली भेरी नदीको टापुमा फसेका ४ जनालाई मंगलबार बिहान सकुशल उद्धार गरिएको छ ।

केही दिनदेखिको अविरल वर्षाका कारण नदीमा पानीको बहाव एक्कासी बढ्दा बाढीले बगाएको दाउरा संकलन गर्न गएका उनीहरू टापुमा फसेका थिए ।

टापुमा फसेको खबर आएसँगै तत्काल प्रहरी नायब उपरीक्षक रुकबहादुर खड्काको कमान्डमा २५ जना प्रहरीको टोली, सशस्त्र प्रहरी बल गुल्म नम्बर ४६ दुनैबाट सशस्त्र प्रहरी नायब उपरीक्षक दीपकराज भट्टको कमान्डमा १९ जना र नेपाली सेनाको संग्राम सार्दुल गुल्म, सुलिगाड डोल्पाबाट सेनानी हरिश शाहीको कमान्डमा २२ जना सुरक्षाकर्मी खटिएका थिए ।

जिल्लास्थित सबै सुरक्षा निकायको सहकार्यमा भेरी नदीको टापुमा फसेका त्रिपुरासुन्दरी-६ का ३३ वर्षीय ललित बोहोरा, २६ वर्षीय नन्दप्रसाद बोहोरा, ३७ वर्षीय श्यामलाल बोहोरा र ३५ वर्षीय लालकुमार बुढाको उद्धार गरिएको प्रहरी नायब उपरीक्षक खड्काले जानकारी दिए ।

जिल्ला अस्पताल डोल्पाले उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको र उपचारपश्चात घर पठाइएको जनाएको छ । जिल्ला प्रशासन कार्यालय डोल्पाले वर्षायाममा नदी आसपास दाउरा संकलन वा अन्य कामका लागि जानु जोखिमपूर्ण हुने भएकाले सावधानी अपनाउन सबैलाई अनुरोध गरेको छ ।

# विद्यालय नतिजा सुधार अभियानमा प्युठान नगरपालिका



**राजेश जीसी/मध्यान्ह**
प्युठान, १३ साउन

प्युठान नगरपालिकाले विद्यार्थीको शैक्षिक नतिजा सुधार गर्ने उद्देश्यसहित ‘विद्यालय नतिजा सुधार अभियान’ सञ्चालन गरेको छ। अभियानको सुरुवातमा नगरपालिकाले चार दिनसम्म विभिन्न विद्यालयका विषयगत शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग चार चरणमा अन्तरक्रिया सम्पन्न गरेको छ ।

नगरपालिकाले कक्षा ५ र ८ मा ७५ प्रतिशतभन्दा कम र कक्षा १० मा ९० प्रतिशतभन्दा कम नतिजा ल्याउने विषय तथा शिक्षकहरूलाई पहिचान गर्दै १ सय ३१ शिक्षकसँग दुई चरणमा छलफल गरेको हो। त्यसैगरी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग पनि दुई चरणमा विस्तृत अन्तर्क्रिया गरिएको छ ।

छलफलका क्रममा कमजोर नतिजाको कारण पत्ता लगाउँदै सुधारका लागि शिक्षक तथा विद्यालय प्रशासनसँग लिखित प्रतिबद्धतासमेत लिइएको छ । नगर शिक्षा शाखाले शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यालय र नगरपालिकाबीचको साझा भूमिकाका आधारमा कार्ययोजना तयार पारेको जानकारी दिएको छ ।


नगर उपप्रमुख देवेन्द्र वर्माका अनुसार, चालु शैक्षिक सत्रदेखि उत्कृष्ट प्रदर्शन गर्ने शिक्षक तथा विद्यालयलाई पुरस्कार दिइने र कमजोर प्रदर्शन गर्नेहरूलाई सचेत गराइने नीति अवलम्बन गरिएको छ । उनले पुरस्कार तथा चेतावनी प्रणालीलाई अझ प्रभावकारी बनाउन सुझाव पनि संकलन गरिएको बताए ।

गत वर्ष नगरपालिकाले कक्षा ८ र १० का लागि अतिरिक्त कक्षा सञ्चालन गर्न १७ लाख रुपैयाँ विनियोजन गरेको थियो । नगरप्रमुख विष्णुबहादुर योगीका अनुसार चालु सत्रमा कक्षा ५ लाई पनि अतिरिक्त कक्षाको दायरामा ल्याउने तयारी भइरहेको छ। ‘जग बलियो नभई शिक्षाको गुणस्तर राम्रो हुँदैन, त्यसैले हामीले शिक्षा सुधारका लागि अभियान सञ्चालन गरेका हौं,’ प्रमुख योगीले बताए ।

गत शैक्षिक सत्रमा एसईई परीक्षामा ६८ दशमलव ४४ प्रतिशत नतिजा ल्याएर जिल्लामै उत्कृष्ट प्रदर्शन गरेको प्युठान नगरपालिकाले यस वर्ष कक्षा ५, ८ र १० मा अझ राम्रो नतिजा ल्याउने लक्ष्य लिएको छ । ‘निरन्तर अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषणमार्फत विद्यालयको नतिजा उत्कृष्ट बनाउने हाम्रो उद्देश्य हो,’ नगर शिक्षा शाखा प्रमुख बासुदेव पण्डितले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू र प्रधानाध्यापकहरूले पनि यस अभियानमा सहकार्य गर्दै उत्कृष्ट नतिजाका लागि प्रतिबद्धता जनाएका छन् ।

# जसपा प्रवास विशेष प्रदेश समितिमा विनोदकुमार यादव मनोनीत

**महमद सदाब/मध्यान्ह**
वीरगन्ज, १३ साउन



नेपाली समाज मलेसियाका अध्यक्ष विनोदकुमार यादवलाई जनता समाजवादी पार्टी, नेपाल (जसपा) ले आफ्नो विधानअनुसार प्रवास विशेष प्रदेश समितिको सदस्य पदमा मनोनयन गरेको छ। विगत लामो समयदेखि मलेसियामा रहेर नेपाली समुदायको हकहित, पहिचान संरक्षण र सामाजिक एकता निर्माणमा क्रियाशील रहँदै आएका यादवले प्रवासी नेपालीका अनेकन समस्याहरू समाधानमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् ।

मलेसियामा रहेका नेपालीहरूले कुनै समस्या भोग्दा यादवले स्वयम् उपस्थित भएर समाधान गर्ने काम गर्दै आएका छन् । समर्पित अभियन्ताका रूपमा चिनिएका यादवको कार्यसम्पादनप्रति कदर गर्दै जसपाले उनलाई यो जिम्मेवारी दिएको हो। मनोनयनको जानकारी पाएपछि प्रतिक्रिया दिँदै यादवले भने, ‘पार्टीले देखाएको विश्वासप्रति आभारी छु।

# उत्तरगंगा खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १३ साउन

रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको केन्द्र तकसेरा हुँदै शहीदमार्ग २०७९ सालमा पहिलोपटक सवारीसाधन प्रवेश गरेको थियो ।

स्थानीयवासीले यातायातको सहजता र विकासको अपेक्षा गरेका थिए । तर, उत्तरगंगा खोलामा पुल नहुँदा आजसम्म पनि उनीहरू असहज र जोखिमपूर्ण जीवन बाँच्न बाध्य छन्। खोलामा पुल नहुनु स्थानीयहरूका लागि प्रमुख समस्या बनेको छ । बर्खायाममा खोलो तर्नै मुस्किल हुन्छ भने सुख्खा मौसममा समेत जोखिम कम छैन। विद्यालय जाने बालबालिका, अस्पताल जानुपर्ने बिरामी र कृषि उपज बोकेर हिँड्ने किसान सबैलाई यो समस्या दैनिक रूपमा पर्न आएको छ ।

पुथाका अधिकांश स्थानसम्म गाडी पुगिसके पनि पुल नहुँदा यात्रा कठिन र खर्चिलो बनेको छ। पुथा उत्तरगंगा गाउँपालिका-१, मैकोटका स्मृति लामाका अनुसार सेरा खोलो नजिकैको बाटो अब आधा घण्टा लाग्ने भएको छ, जुन सामान्यतया पाँच मिनेटमै पुगिन्थ्यो ।

यस वर्ष गाउँपालिकाले तल्लो सेरामा पर्ने उत्तरगंगा खोलामा बेलिब्रिज निर्माण गर्ने योजना ल्याएको छ। पुल नहुँदा बाछिगाउँ, बिर्गुम, पझमि, खार्वाङ, हुकाम, मैकोट र पेल्ला गाउँका नागरिक प्रत्यक्ष प्रभावित भएका छन् ।

स्थानीय अभिमान नेपालीका अनुसार बर्खायाममा खोलो उर्लिंदा विद्यालय, अस्पताल र अन्य दैनिक गतिविधि पूरै बन्द हुन्छ । गाउँपालिका अध्यक्ष पुनिराज घर्ती मगरका अनुसार पक्की पुल निर्माणको जिम्मा पाएका ठेकेदारको लापरबाहीका कारण निर्माण कार्य अघि बढ्न सकेको छैन । हालको आर्थिक वर्षमा बेलिब्रिजका लागि १ करोड १० लाख रुपैयाँ विनियोजन गरिएको जानकारी उनले दिए ।

तर, खोलामा अहिले पनि कुनै निर्माण तयारी देखिँदैन। न मेसिन छ, न जनशक्ति । निर्माणस्थल सुनसान छ। सडक र पुल नहुँदा तकसेरादेखि पेल्लासम्मको जनजीवन प्रभावित भएको छ । बिरामीको उपचार र कृषकहरूको उत्पादन बजारमा पुऱ्याउनसमेत समस्या भएको छ । स्थानीयवासीहरूले तत्काल पुल निर्माण कार्य अघि बढाउन माग गर्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।


## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## राष्ट्रिय दैनिक “क” वर्गको पत्रपत्रिका सूचना प्रकाशन गर्ने सम्वन्धी ठेक्का

**पहिलो पटक प्रकाशित मितिः २०८२/०४/१४**

यस कार्यालयद्वारा आगामी आ.व. २०८२/०८३ का लागि यस कार्यालयलाई आवश्यक पर्ने राष्ट्रियस्तरका पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने कार्य सिलबन्दी दरभाउपत्र द्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५दिन भित्र यस कार्यालयमा निम्न शर्तहरुको अधिनमा रही E–bidding मार्फत सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

१. सिलबन्दी दरभाउपत्र दस्तुर रु १,०००।०० को भौचर लेटाङ नगरपालिकाको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग१.१) आन्तरिक राजस्व खाता नं २४५०१००३०१०१०००२, राजस्व शीर्षक नं १४२४९ मा (पछि फिर्ता नहुने गरी) जम्मा गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्दा बोलपत्र जमानत बापत एकमुष्ट रु ४००००।०० रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग३) धरौटी खाता नं. २४५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको बैंकबाट जारी भएको २०८२ कार्तिक ११ गते सम्म म्याद भएको बोलपत्र जमानत संलग्न गर्नुपर्नेछ ।
३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा सिलबन्दी दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट उल्लिखित कार्यहरू गरिनेछ ।
४. यस कार्यका लागि Pre bid Meeting मिति २०८२/०४/१९ गते दिनको १ बजे यस कार्यालयमा बस्नेछ ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्न विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि, संस्था/एजेन्सीको व्यवसाय दर्ता प्रमाणपत्र र सो को नविकरण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
६. रितपूर्वक पेश भएका सिलबन्दी दरभाउपत्रहरु मध्ये सबै भन्दा बढी छुट दिने संस्था/एजेन्सीलाई छनौट गरिनेछ ।
७. अन्य कुरा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।
८. थप जानकारीका लागि सम्पर्क नम्बरः९८५२०६९१११२ e–mail : letangmunicipality@gmail.com

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | सिलबन्दि दर भाउपत्र दस्तुर | धरौटी र कम | दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय | दरभाउ पत्र खो लिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | LM/MOR/SQ/G/2082-83/01 | Publishing Different Notices in National Daily “A” Category for Fiscal Year 2082/83 | १ वर्ष | १०००।०० | ४०००० | २०८२/०४/२९ दिनको १२:०० बजे सम्म E–Bidding. | २०८०/०४/२९ दिनको १:०० बजे |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१४ साउन २०८२ बुधबार
30 July 2025, Wednesday

## सम्पादकीय

# सकारात्मक प्रयास

पछिल्लो सात दशकमा नेपालमा तीन प्रकृतिका शासन व्यवस्था अभ्यासमा रहे । तत्कालीन राणा शासनको अन्त्यसँगै २००७ सालपछि नेपाल प्रजातान्त्रिक र कानुनी शासनको अवधारणामा प्रवेश गर्‍यो । यसबीचमा ३० वर्षसम्म पञ्चायती शासन व्यवस्था लागू भयो । १८ वर्ष राजासहितको बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था अवलम्बन भयो । २०६२/६२ को संयुक्त जनआन्दोलनपछि गणतान्त्रिक अभ्यास हुँदै २०७२ मा संविधान जारी भएसँगै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । तर, तीनवटै शासन व्यवस्थामा कतिपय कानुन भने एकै रहे । शासन व्यवस्था बदलिएसँगै त्यसअनुसार कानुन बदलिएनन् ।

संविधान जारी भएको १० वर्षपछि भने सरकार राजाकालीन कानुनहरूमा संशोधनको प्रयासमा लागेको छ । प्रहरी ऐन २०१२ लाई खारेज नै गर्नेगरी सरकारले विधेयक ल्याइसकेको छ । प्रतिनिधि सभामा विचाराधीन रहेको प्रहरी विधेयक ऐनमा रूपान्तरित भएसँगै राजाकालीन ऐन खारेज भएर गणतान्त्रिक ऐन प्रचलनमा आउनेछ । जसले केन्द्रीकृत प्रहरी संरचनालाई शासन व्यवस्थाअनुसार विकेन्द्रीकृत गरेर प्रदेश र स्थानीय तहमा समेत प्रहरी अधिकार बाँडफाँट गर्नेछ । तीनवटा शासन व्यवस्थामा जति पनि कानुन बने, तिनको व्याख्यामा विवाद भए निकास खोज्ने ऐन हो– नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१० । यसलाई पनि बदल्ने गरी कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले विधेयकको मस्यौदा तयार पारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएको छ । मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि विधेयक संसद्मा पुग्छ । संसद्ले पास गरेपछि राष्ट्रपतिबाट प्रमाणीकरण हुन्छ र ऐनमा रूपान्तरित हुन्छ । त्यसपछि कानुन व्याख्या ऐन गणतान्त्रिक शासन व्यवस्थाअनुकूल हुनेछ । कर्मचारी सञ्चय कोष ऐन २०१९, नेपाल खानेपानी ऐन २०४६ लगायतका राजाकालीन ऐनलाई बदल्ने गरी सरकारले पुराना ऐन खारेज गरेर नयाँ कानुन के कस्ता विषयमा बनाउने भनेर प्राथमिकीकरण नै निर्धारण गरेको । पहिलो चरणमा ४२ वटा विधेयक, दोस्रो चरणमा ४१ वटा विधेयक र तेस्रो चरणमा ३८ वटा विधेयक संसद्मा दर्ता गर्ने गरी सूची तयार भएको छ । यो सरकारको सकारात्मक कदम हो ।

तर, कानुन बदलिएर मात्रै बदलिएको शासन व्यवस्थाको औचित्य स्थापित हुन्छ त ! शासन व्यवस्था बदलिएसँगै जनताको अवस्था उल्लेख्य परिवर्तन आउन किन सकेन ? संविधानले भनेको समाजवाद उन्मुख नेपालको परिकल्पना कसरी पूरा हुन्छ ? गास, वास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत आवश्यकताबाट नेपाली वञ्चित नहुने अवस्थाको सुनिश्चितता कसरी गरिन्छ ? यी प्रश्नको जवाफ सरकारले बदल्ने र नयाँ बनाउने कानुनमा भेटियोस् ।

# जलवायु असन्तुलनले बढाएको चिन्ता

*नेपालका लागि हिमालतर्फ हिमनदीको संरक्षण, पहाडमा बाढी रोक्ने पूर्वाधार, तराईमा पानीको दीर्घकालीन योजना, यी सबै सँगसँगै अगाडि बढ्नुपर्ने बेला भएको छ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

जलवायु सन्तुलन बिग्रँदै गएको यथार्थ आज विश्वकै लागि साझा चिन्ता बनेको छ । मौसम चक्रमा आएको परिवर्तन, तापक्रम वृद्धिका कारण हुने प्राकृतिक प्रकोपहरू अनि वातावरणीय अस्थिरता अब केवल चेतावनी मात्र होइन, भोगाइको विषय बनेको छ । नेपालजस्तो जैविक विविधता र भौगोलिक विषमताले भरिएको देशमा जलवायु असन्तुलनले अझ गहिरो असर पुर्‍याइरहेको छ । उत्तरमा अवस्थित हिमालमा रहेका हिमनदी तीव्र रूपमा पग्लँदै छन्, मध्यम भूभाग पहाडमा बाढी र पहिरोले वितण्डा मच्चाइरहेका छन् भने दक्षिणको समथर तराई भूभागमा पानीको चरम अभाव देखिन थालेको छ । यी सबै असर जलवायु परिवर्तनले ल्याएको असन्तुलनका प्रत्यक्ष उदाहरण हुन् ।

हिमाल क्षेत्रमा जलवायु परिवर्तनको प्रमुख प्रभाव हिमनदीहरूको ह्रासमा प्रस्ट देखिन्छ । नेपालमा रहेका प्रमुख हिमनदीहरू क्रमशः सुक्दै गइरहेका छन् । वैज्ञानिक अध्ययनअनुसार सन् १९७० यता नेपालका हिमनदीहरूको सतहमा उल्लेख्य घटबढ देखिएको छ । केही हिमताल फुट्ने जोखिममा छन्, जुन कुनै दिन गम्भीर बाढीको कारण बन्न सक्छ । उदाहरणका लागि, इम्जा तालको सतह तीव्र रूपमा बढिरहेको छ, जसका कारण त्यो क्षेत्रको तल्लो भू-भागमा ठूलो विनाश सम्भावित छ । जलवायु परिवर्तनका कारण तापक्रमको वृद्धिले यो गति झन् बढाएको छ । परिणामस्वरूप, यी हिमनदीहरूबाट निर्भर जलस्रोतहरूमा खडेरी आउन थालेको छ, जसले खेतीपातीदेखि खानेपानीसम्ममा असर पारिरहेको छ ।

पहाडी भूभागमा पनि यसको प्रभाव भिन्न छ तर त्यत्तिकै विनाशकारी । जलवायुमा आएको असन्तुलनले गर्दा वर्षामा ठूलो असन्तुलन छ । कुनै भागमा अधिक मात्रामा पानी पर्ने र कुनै भागमा पानी नपर्नेजस्ता घटना देखिन थालेका छन् । विशेषतः वर्षा सिजनमा अत्यधिक वर्षाले बाढी र पहिरोको जोखिम बढाएको छ । पछिल्ला केही दशकमा देखिएका बाढी तथा पहिरोका घटना यसको प्रत्यक्ष प्रमाण हुन् । पहाडी भेगका मानिस आजभोलि वर्षा सिजनलाई त्रासका रूपमा लिन थालेका छन् । घरको छाना भिज्ने डरभन्दा ठूलो समस्या अब भू-स्खलनको हो । सरकारी तथ्यांकअनुसार हरेक वर्ष सयौं मानिस पहिरोमा परी ज्यान गुमाउँछन्, हजारौं विस्थापित हुन्छन् अनि लाखौंको धनमाल नष्ट हुन्छ । यस्तो प्रकोप केवल पानीकै कारण होइन, त्यो पानी कसरी कहिले र कति खस्छ भन्ने कुराले निर्धारण गर्छ । जलवायु असन्तुलनले अब हरेक वर्ष देशको भौगोलिक स्वरूपसँगै आर्थिक स्थिति पनि ध्वस्त बनाउने खतरा बोकेको छ ।

सुदूरपश्चिमदेखि पूर्वसम्म फैलिएको तराई क्षेत्र भने अर्कै प्रकारको समस्यामा परेको छ । जहाँ सामान्यतयाः प्रशस्त भूमिगत पानी, वर्षा र नदीका कारण जल आपूर्ति सहज हुने गर्थ्यो तर अहिले त्यहाँ पानीको अभाव तीव्र बन्दै गएको छ । पछिल्लो समयको एक प्रमुख चिन्ता भनेको सिँचाइका लागि पर्याप्त पानीको उपलब्धता नहुनु हो । चुरे क्षेत्रको वृक्ष कटान, जमिनको अतिक्रमण, नदी मार्गको अवरोध अनि वर्षा चक्रको अस्थिरताले गर्दा तराईमा सुक्खा बढिरहेको छ । चैतदेखि जेठ महिनासम्म त अधिकांश स्थानहरूमा जमिन चर्किने, बाली सुक्ने र जनावरका लागि चरन क्षेत्र हराउने समस्या छ । किसानहरूले अन्न उत्पादन गर्न सक्ने समय सीमित हुँदै गएको छ । पानी नभएका कारण धान रोप्न समस्या, गहुँ उमार्न समय नपुग्ने अनि तरकारी सुक्ने अवस्था छ । भूमिगत पानी पनि झन् गहिरिँदै गएको छ, जसका कारण नल खोल्दा पानी नआउने, इनार सुक्ने र ट्युबेलबाट पानी तान्न अत्यधिक खर्च लाग्ने भएको छ । यी सबै असर जलवायुसँग जोडिएको संरचनात्मक समस्या हुन्, जसको समाधान तत्काले सम्भव छैन ।

यस्तो अवस्थामा जनजीवनमा परेको असर केवल शारीरिक मात्र होइन, मानसिक पनि छ । पहाडका बासिन्दा वर्षामा बग्ने डरले त्रसित छन्, तराईका किसान पानी नपाएर हरेस खाइरहेका छन् अनि हिमाली क्षेत्रका बासिन्दा आफ्नो पुर्खौली हिमाल गायब हुँदै गएको पीडा भोगिरहेका छन् । यो केवल मौसममा आएको परिवर्तन मात्र होइन, संस्कृतिमा, जीवनशैलीमा, जीविकोपार्जनमा अनि सामूहिक अस्तित्वमा परेको गहिरो आघात हो । उदाहरणका लागि सोलुखुम्बुका शेर्पा समुदायका पुराना हिमपथ अब नदेखिने भएका छन्, त्यहाँका धार्मिक र सांस्कृतिक मान्यताका प्रतीक हिमशिखरको स्वरूप फेरिएको छ । चामल उत्पादनको भरमा रहेको तराईमा हरेक वर्ष सिँचाइका लागि पानी खोज्न हाहाकार हुने अवस्था छ । यता पहाडका किसानले बर्खे बाली नै लगाउन सकेका छैनन् ।



*जलवायु असन्तुलनको असरले गर्दा खाद्य सुरक्षामा पनि गम्भीर खतरा उत्पन्न भएको छ । अकासेपानीको निर्भरता भएकाले नेपालको अधिकांश कृषि प्रणाली प्रभावित हुने गरेको छ । जब मौसममा गडबडी हुन्छ, त्यसको प्रत्यक्ष असर बाली उत्पादनमा पर्छ...*

जलवायु असन्तुलनको असरले गर्दा खाद्य सुरक्षामा पनि गम्भीर खतरा उत्पन्न भएको छ । आकासे पानीको निर्भरता भएकाले नेपालको अधिकांश कृषि प्रणाली प्रभावित हुने गरेको छ । जब मौसममा गडबडी हुन्छ, त्यसको प्रत्यक्ष असर बाली उत्पादनमा पर्छ । खाद्य आपूर्ति घट्छ, बजारमा मूल्य बढ्छ अनि समाजमा असन्तोष बढ्छ । सरकारले बाहिरी देशबाट आयात गरेर खाद्य सुरक्षा कायम राख्न खोजे पनि त्यो दीर्घकालीन समाधान होइन । झनै, विदेशी आयातमा भर पर्नुभनेको स्वावलम्बन गुमाउनु हो, जुन सन् २०३० सम्मका दिगो विकास लक्ष्यसँग मेल खाँदैन ।

जलवायुसँग सम्बन्धित अर्को गम्भीर पक्ष भनेको वातावरणीय आप्रवासन हो । बाढी, सुख्खा र पानीको असहजतालाई सहन नसकी मानिस स्थान परिवर्तन गर्न बाध्य भइरहेका छन् । पहाडबाट तराई झर्ने, तराईबाट सहर पस्ने अनि सहरबाट विदेश जाने क्रम तीव्र भइरहेको छ । यसले ग्रामीण जनशक्तिको खडेरी त निम्त्याउँछ नै, साथै सांस्कृतिक विघटन पनि निम्त्याउँछ । त्यस्तै, जलवायु असन्तुलनका कारण रोगव्याधि पनि बढ्दै गएका छन् । लामखुट्टेको प्रकोप तराई मात्रै होइन, पहाड हुँदै हिमालसम्मै सरेको छ ।

यस समस्याको समाधान चाहिँ तत्कालीन राहतभन्दा दीर्घकालीन नीतिगत सुधारमा निहित छ । जलवायु अनुकूलनका कार्यक्रमलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ । राष्ट्रियस्तरमा जलवायु नीति बनाइएका छन् तर ती कार्यान्वयनमा कमजोर छन् । उदाहरणका लागि, स्थानीय तहलाई जलवायु अनुकूलन कोष छुट्याइए पनि धेरैजसो ठाउँमा त्यो रकम सही ढंगले प्रयोग हुन सकेको छैन । अर्कोतर्फ, जनसहभागिता र जनचेतना अभिवृद्धि जरुरी छ । गाउँगाउँमा जलस्रोत संरक्षण, जंगलको संवर्धन, बाढी नियमन संयन्त्रजस्ता स्थानीय उपायलाई राज्यले प्राथमिकतामा राख्नुपर्छ । विद्यालय तहबाटै जलवायुप्रति सचेतना ल्याउने खालका पाठ्यक्रम विकास गरिनुपर्छ । साथै, वैज्ञानिक अनुसन्धानमा लगानी बढाउनु पनि आवश्यक छ, ताकि मौसमसम्बन्धी पूर्वानुमान थप सटिक र समयमै हुन सकोस् ।

जलवायु असन्तुलनले ल्याएको चुनौती एक्लो देशले समाधान गर्न सक्ने विषय होइन, यो एक विश्वव्यापी समस्या हो । जसको समाधानका लागि अन्तर्राष्ट्रिय सहयोग र समन्वय अनिवार्य छ । जलवायु परिवर्तनको सबैभन्दा बढी असर भोग्ने मुलुकमा नेपाल पनि पर्छ । त्यसैले, नेपालजस्ता मुलुकका लागि विशेष अनुदान, प्रविधि हस्तान्तरण अनि जलवायु न्यायको विषयमा विश्व समुदाय गम्भीर हुनुपर्छ । त्यसबेला मात्र जलवायु असन्तुलनको सन्तुलन फिर्ता ल्याउने दिशा पहिल्याउन सकिन्छ ।

नेपालको हरेक भू-भागले फरक किसिमको जलवायु चुनौती भोगिरहेको वर्तमान अवस्थामा एकीकृत दृष्टिकोणमा आधारित नीति आवश्यक छन् । हिमनदीको संरक्षण, पहाडमा बाढी रोक्ने पूर्वाधार, तराईमा पानीको दीर्घकालीन योजना, यी सबै सँगसँगै अगाडि बढ्नुपर्ने बेला भएको छ । जलवायुलाई नियाल्ने दृष्टिकोण अब मौसमको चासोमा सीमित रहन सक्दैन, यो अब जीवनको आधारभूत विषय बनिसकेको छ । यो संकट केवल सरकारको नीति वा विज्ञहरूको विषय होइन, हरेक नागरिकको सरोकार हो । हामी सबैको सजीव सहभागिताबिना यसको समाधान सम्भव छैन । जलवायु असन्तुलन अब भविष्यको खतरा होइन, वर्तमानको वास्तविकता हो, जसलाई बुझेर, स्वीकार गरेर, समाधान खोज्ने बेला यही हो ।

## इतिहासमा आज

२९ जुलाई २००५ मा खगोलविद्हरूले बौना ग्रह एरिसको खोजको घोषणा गरेका थिए । यो प्लुटोभन्दा ठुलो र सूर्यबाट दोब्बर टाढा रहेको बरफको चट्टानी ग्रह हो ।



३० जुलाई २०१२ मा भारतको आन्ध्र प्रदेशमा सञ्चालित तमिलनाडु एक्सप्रेसको रेलमा आगलागी हुँदा ३२ यात्रुको मृत्यु र २७ जना घाइते भएका थिए ।



३० जुलाई २०१२ मा दिल्लीमा पावर ग्रिड फेल हुँदा उत्तरी भारतमा ३० करोडभन्दा बढी मानिसहरू बिजुलीविहीन भएका थिए ।



३० जुलाई २००६ मा विश्वको सबैभन्दा लामो समयदेखि चलिरहेको संगीत कार्यक्रम टप अफ द पप्स अन्तिम पटक बीबीसी टुमा प्रसारण भएको थियो । यो कार्यक्रम ४२ वर्षदेखि प्रसारित हुँदै आएको थियो ।



# वैदेशिक रोजगारीको बहुपक्षीय प्रभाव

विचार



● नारायणबहादुर बस्नेत

*नेपालीहरू श्रमशक्ति जसरी बिदेसिन बाध्य छ र जोखिमयुक्त काम गर्न बाध्य छ, के यसको निकास खोजिनुपर्दैन ? अहिलेको बहस यो हो । मुलुकमा रेमिट्यान्सको आम्दानीमा रमाएर देश बन्दैन । यद्यपि, तत्कालीन रूपमा यसलाई उपयोग गर्ने नीति पनि आवश्यक छ...*

नेपालमा शिक्षा प्रणालीको गुणस्तर, रोजगारीको अभाव, उद्योगधन्दाको खण्डहर अवस्था र राजनीतिक अस्थिरता, यी सबै कारणले नेपाली युवाहरू ठुलो संख्यामा बिदेसिन बाध्य छन् । कोही खाडी मुलुकतर्फ सस्तो श्रम बेच्न जान्छन् भने कोही 'पीआर' पाउने देशतर्फ महँगो ऋण बोकेर जान्छन् । तर, समाजले यी दुई वर्गलाई हेर्ने दृष्टिकोण अलग छ, यही विभेदले परिवारभित्रै द्वन्द्व र सामाजिक रूपान्तरणमा अवरोध पैदा गरिरहेको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार हाल ३० लाखभन्दा बढी नेपाली विदेशमा रोजगारीमा छन् । तीमध्ये ७० प्रतिशतभन्दा बढी खाडी राष्ट्रमा (कतार, साउदी, यूएई, कुवेत, मलेसिया आदि देश) रहेका छन् । हरेक वर्ष १० लाखभन्दा बढी नेपाली युवा वैदेशिक रोजगारी वा अध्ययनका लागि बाहिरिन्छन् । नेपालले बर्सेनि १० खर्बभन्दा बढी रेमिट्यान्स पाउँछ, जुन जीडीपीको झन्डै २४ प्रतिशत हो । तर यी युवा फर्किंदा कुनै सामाजिक सुरक्षाको प्रत्याभूति छैन, न त रोजगारीको सुनिश्चितता ।

